सञ्चालक समितिको मिति २०७८।०७।२६ मा बसेको ९२५ औं बैठकको निर्णय नं. ३७२१ सँग सम्बन्धित अनुसूची-१

## नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको कर्मचारी विनियमावली (पहिलो संशोधन), २०७८

नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको प्रबन्धपत्रको दफा ४ को खण्ड (छ) को उपखण्ड (२५) ले दिएको अधिकार प्रयोग गरी नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको सञ्चालक समितिले देहायका विनियमहरु बनाई लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यी विनियमहरूको नाम **"नेपाल दूरसञ्चार कम्पनी लिमिटेड कर्मचारी विनियमावली (पहिलो संशोधन), २०७८"** रहेको छ ।

(२) यो विनियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **नेपाल दूरसञ्चार कम्पनी लिमिटेड कर्मचारी विनियमावली, २०७८ को विनियम २ मा संशोधन :** नेपाल दूरसञ्चार कम्पनी लिमिटेड कर्मचारी विनियमावली, २०७८ (यसपछि **"मूल विनियमावली"** भनिएको) को विनियम २ को,:-

(१) खण्ड (छ) मा रहेका **"प्रवन्ध निर्देशक मातहत रहने"** भन्ने शब्दहरू पछि **"प्रमुख सञ्चालन अधिकृतको कार्यालय,"** भन्ने शब्दहरू थपिएका छन् ।

(२) खण्ड (ड) को सट्टा देहायको खण्ड (ड) राखिएको छ,:-

"(ड) **"विभागीय प्रमुख"** भन्नाले प्रबन्ध निर्देशक, प्रमुख संचालन अधिकृत, प्रमुख प्राविधिक अधिकृत, प्रमुख वित्तीय अधिकृत, प्रमुख व्यावसायिक अधिकृत, प्रमुख मानव संशाधन अधिकृत, व्यावसायिक इकाई प्रमुख, नायब प्रबन्ध-निर्देशक, निर्देशक तथा दशौ तह र सो भन्दा माथिल्लो तहका कर्मचारीहरू सम्झनु पर्छ ।"

३. **मूल विनियमावलीको विनियम ११. मा संशोधन :** मूल विनियमावलीको विनियम ११ को (१) उपविनियम (१) को खण्ड (क) र (ग) को सट्टा देहायको खण्ड (क) र (ग) राखिएको छ,:-

**"(क) प्राविधिक सेवा:**

| तह | टेलिकम र सिभिल ईन्जिनियरिङ्ग समूह | | | प्राविधिक समूह | | |
|---|---|---|---|---|---|---|
| | खुला | बढुवा | | खुला | बढुवा | |
| | | कार्यक्षमता मूल्याङ्कन | आन्तरिक प्रतियोगिता | | कार्यक्षमता मूल्याङ्कन | आन्तरिक प्रतियोगिता |
| १. | - | - | - | - | - | - |
| २. | - | - | - | - | १००% | - |
| ३. | - | - | - | ६०% | ३०% | १० % |
| ४. | - | - | - | ६०% | ३०% | १०% |
| ५. | - | - | - | - | ७५% | २५% |
| ६. | - | - | - | - | ७५% | २५% |
| ७. | ८५% | - | १५% | - | ७५% | २५% |
| ८. | १०% | ७०% | २०% | - | ७५% | २५% |
| ९. | १०% | ७०% | २०% | - | ७५% | २५% |
| १०. | - | ९०% | १०% | - | - | - |
| ११. | - | १००% | - | - | - | - |

कम्पनी सचिव

(ग) **मिश्रित सेवा (प्रशासन / प्राविधिक) को पद** : तह ११ को मिश्रित सेवा (प्रशासन / प्राविधिक) को पदमा बढुवाको लागि जुनसुकै सेवा समूहको तह १० को पदमा तोकिएको सेवा अवधि पूरा भएका र सम्बन्धित पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता पुगेका कर्मचारीहरू उम्मेदवार हुन सक्नेछन् ।

**स्पष्टिकरण : "मिश्रित सेवा (प्रशासन / प्राविधिक) को पद"** भन्नाले सेवा नखुलेको पद सम्झनु पर्दछ । "

(२) उपविनियम (२) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ,:-

"(क) सवारी चालक, तह दुई र तह एकका पद जुनसुकै कारणले रिक्त भएमा स्वतः खारेज हुनेछ ।"

४. **मूल विनियमावलीको विनियम १८ मा संशोधन :** मूल विनियमावलीको विनियम १८ मा रहेको **"लिइने"** भन्ने शब्द पछि **"खुला तथा"** भन्ने शब्दहरू थपिएका छन् ।

५. **मूल विनियमावलीको विनियम ३४. मा संशोधन :** मूल विनियमावलीको विनियम ३४ को उपविनियिम (१) को सट्टा देहाय बमोजिमको उपविनियम (१) राखिएको छ,:-

"(१) आन्तरिक प्रतियोगिताद्वारा पूर्ति गरिने पदको लागि सो पद भन्दा सम्बन्धित सेवा समूहको एक तह मुनिको पदमा कम्तीमा तीन वर्ष स्थायी सेवा गरेको र सम्बन्धित पदको आन्तरिक प्रतियोगिता तर्फको लागि अनुसूची-२ मा तोकिए बमोजिमको न्यूनतम शैक्षिक योग्यता हासिल गरेको कर्मचारी उम्मेदवार हुन सक्नेछ ।"

६. **मूल विनियमावलीको विनियम ३५. मा संशोधन :** मूल विनियमावलीको विनियम ३५ को उपविनियिम (२) को सट्टा देहाय बमोजिमको उपविनियम (२) राखिएको छ,:-

"(२) कुनै कर्मचारी यो विनियम बमोजिम बढुवाका लागि सम्भाव्य उम्मेदवार हुन सम्बन्धित सेवा, समूह वा उपसमूहको एक तह मुनिको पदमा तीन वर्ष स्थायी सेवा अवधि पूरा गरेको र बढुवा हुने पदको लागि अनुसूची–२ बमोजिमको न्यूनतम शैक्षिक योग्यता हासिल गरेको हुनु पर्नेछ।"

७. **मूल विनियमावलीको विनियम ३९ मा संशोधन :** मूल विनियमावलीको विनियम ३९ को,-

(१) उपविनियिम (१) को सट्टा देहाय बमोजिमको उपविनियम (१) राखिएको छ,:-

"(१) कर्मचारीलाई विभिन्न भौगोलिक क्षेत्रमा काम गरेको अनुभवको अङ्क प्रदान गर्दा देशको विभिन्न भौगोलिक क्षेत्रलाई क्रमशः "क", "ख", "ग", "घ" र "ङ" पाँच वर्गमा विभाजन गरी ती मध्ये एक वा एकभन्दा बढी वर्गमा काम गरेको अनुभव वापत सोह्र अङ्कमा नबढ्ने गरी देहाय बमोजिम अङ्क दिइनेछः-

(क) "क" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि चार अङ्कका दरले,

(ख) "ख" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि तीन दशमवल दुई पाँच अङ्कका दरले,

(ग) "ग" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि दुई दशमलव पाँच अङ्कका दरले,

(घ) "घ" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि दुई अङ्कका दरले,

(ङ) "ङ" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि एक दशमलव सात पाँच अङ्कका दरले ।"



सचिव

(२) उपविनियिम (४), (५) र (६) मा रहेको "**घ वर्गको**" भन्ने शब्दहरूको सट्टा "**ङ वर्गको**" भन्ने शब्दहरू राखिएको छ ।"

८. <u>मूल विनियमावलीको विनियम ४६. मा संशोधन :</u> मूल विनियमावलीको विनियम ४६ को,:-

(१) उपविनियम (३), (४) र (५) झिकिएका छन् ।

(२) उपविनियम (६), (७) र (८) मा रहेका "उपविनियम (२) र (५)" भन्ने शब्दहरूको सट्टा "उपविनियम (२)" भन्ने शब्दहरू राखिएका छन् ।

(३) उपविनियम (९) को द्रष्टव्य खण्ड झिकिएको छ ।

९. <u>मूल विनियमावलीको विनियम ६० मा संशोधन:</u> मूल विनियमावलीको विनियम ६० को उपविनियम (२) को सट्टा देहाय बमोजिमको उपविनियम (२) राखिएको छ,:-

"(२) कम्पनीमा कार्यरत कर्मचारी बढुवा भएमा माथिल्लो पदमा नियुक्त हुनु अघिको पदमा खाइपाई आएको तलब हालको पदको शुरु तलबस्केल बराबर वा सो भन्दा बढी भएमा खाईपाई आएको तलवमा नघट्ने गरी बढुवा भएको पदको तलबस्केलको नजिकको तलबस्केलमा मिलाई दिइनेछ ।

तर, यो व्यवस्था आन्तरिक प्रतियोगिता र कार्यक्षमता मूल्याङ्कनबाट बढुवा हुने कर्मचारीको हकमा मात्र लागू हुनेछ ।"

१०. <u>मूल विनियमावलीमा विनियम ११६क. थप :</u> विनियम ११६ पछि देहाय बमोजिमको विनियम ११६क. थपिएको छ,:-

"११६क. <u>सामूहिक सौदावाजी सम्बन्धी व्यवस्था</u> :- (१) सामूहिक मागदावी पेश गर्ने सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ,:-

(क) कम्पनीको कर्मचारी विनियमावली, २०७८ को विनियम ११६ को उपविनियम (३) बमोजिम निर्वाचित आधिकारिक ट्रेड यूनियनले प्रचलित ऐन, कानून, नियम तथा कम्पनीको कर्मचारी विनियमावलीको अधिनमा रही कम्पनी व्यवस्थापन समक्ष कर्मचारी हकहित सम्बन्धी विषयहरूमा मागदावी पेश गर्न सक्नेछ ।

(ख) कम्पनीमा आधिकारिक ट्रेड यूनियन नरहेको अवस्थामा कम्पनीमा क्रियाशिल रहेका युनियनहरू आपसि सहमतीबाट मनोनयन गरिएका प्रतिनिधिहरूको समूहले खण्ड (क) बमोजिम मागदावी पेश गर्न सक्नेछ ।

(ग) खण्ड (क) बमोजिमको आधिकारिक ट्रेड यूनियन र खण्ड (ख) बमोजिमको समूह नभएमा ६० प्रतिशत भन्दा बढी कर्मचारीहरूको हस्ताक्षरबाट समर्थित प्रतिनिधिहरूको समूहले खण्ड (क) बमोजिम मागदावी पेश गर्न सक्नेछ ।

(घ) खण्ड (क), (ख) र (ग) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका विषयमा सामूहिक मागदावी पेश गर्न पाईने छैन,:-



कम्पनी सचिव

(अ) प्रचलित नेपाल कानूनको प्रतिकूल हुने विषय,

(आ) अप्रमाणित वा आधारहिन आरोप रहेको विषय,

(इ) कम्पनी व्यवस्थापन वा कर्मचारीको व्यक्तिगत आचरणमा असर पर्ने विषय,

(ई) कम्पनीसँग असम्बन्धित तथा कम्पनीको अधिकार क्षेत्र बाहिरका विषय,

(उ) सम्झौता गर्दा कार्यान्वयनको लागि तोकिएको अवधि व्यतित नभए सम्म,

(ऊ) सामाजिक सुरक्षा योजनाको लागि तोकिएको योगदानको दर तथा सुविधा सम्बन्धमा ।

(ङ) खण्ड (क), (ख), (ग) र (घ) को प्रतिकूल हुनेगरी पेश भएका सामूहिक मागदावीले मान्यता पाउने छैन ।

(च) सामूहिक सौदावाजी समितिमा प्रचलित कानूनले तोकिए बमोजिमको संख्यामा वार्ता प्रतिनिधिहरू रहने छन् ।

(छ) सामूहिक सौदावाजी समितिलाई प्रचलित कानूनले व्यवस्था गरे बमोजिमको अधिकार रहनेछ ।

(२) उपविनियम (१) बमोजिम सामूहिक मागदावी कम्पनी व्यवस्थापन समक्ष पेश भएमा मागदावीमा उठाईएका विषयहरूका सम्बन्धमा एक महिनाभित्र वार्ता गरी सहमति गर्न सात दिन भित्र कम्पनी व्यवस्थापनको तर्फबाट वार्ता प्रतिनिधि मनोनयन गरी सामूहिक सौदावाजी समितिलाई वार्ता हुने स्थान र समय समेत उल्लेख गरी लिखित सूचना दिनु पर्नेछ ।

(३) उपविनियम (२) बमोजिम वार्ता गर्दा मागदावीका सम्बन्धमा सहमति कायम हुन नसकेमा श्रम ऐन, २०७४ बमोजिम मध्यस्थताद्वारा विवाद समाधान गरिनेछ ।

(४) तोकिएको सामूहिक सौदावाजीको प्रक्रिया अवलम्बन नगरी कुनैपनि प्रकारको हड्ताल, घेराउ, थुनछेक जस्ता गतिविधि गर्न पाईने छैन । यस्तो कार्यमा संलग्न हुने कर्मचारीहरूलाई विनियम ११२ उलंघन भएको मानी विभागीय कारबाही गरिनेछ । सो अवधिको गयल गरी तलब भत्ता तथा अन्य सेवा सुविधा समेत कट्टा गरिनेछ ।"

११. <u>मूल विनियमावलीको विनियम १३७ मा संशोधन :</u> मूल विनियमावलीको विनियम १३७ को उपविनियम (२) को सट्टा देहाय बमोजिमको उपविनियम (२) राखिएको छ,:-

"(२) उपविनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा कुनै पनि कर्मचारी कम्पनीको सेवाबाट स्वतः अवकाश हुनेछः-

(क) नेपाल सरकार, मन्त्रिपरिषद्बाट कम्पनीको कुनै कर्मचारी कम्पनीको प्रवन्ध निर्देशक पदमा नियुक्त भएमा ।

(तर, यो व्यवस्था यो विनियमावली लागू भएपछि नियुक्त हुने प्रवन्ध निर्देशकका हकमा मात्र लागू हुनेछ ।)

(ख) कुनै कर्मचारीले एघार तहमा पाँच वर्ष सेवा अवधि पूरा गरेमा ।

(ग) कुनै कर्मचारीले दश तहमा आठ वर्ष सेवा अवधि पूरा गरेमा ।



कम्पनी सचिव

(घ) उपविनियम (१) र उपविनियम (२) को खण्ड (ख) र (ग) को अवस्थामा जुन मितिबाट पहिले अवकाश हुने हो, सोही मितिबाट अवकाश हुनेछ ।"

१२. <u>मूल विनियमावलीको विनियम १४४ मा संशोधन :</u> मूल विनियमावलीको विनियम १४४ को उपविनियम (२) को खण्ड (घ) झिकिएको छ ।

१३. <u>मूल विनियमावलीको विनियम १५५ मा संशोधन:</u> मूल विनियमावलीको विनियम १५५ को उपविनियम (३) पछि देहाय बमोजिमका उपविनियम (४) र (५) थपिएको छ,:-

"(४) सम्बत् २०६६ कार्तिक १ गतेदेखि स्थायी नियुक्ति भई कार्यरत स्थायी कर्मचारीहरूलाई योगदानमा आधारित निबृत्तभरण/उपदान उपलब्ध गराईनेछ।

(५) उपविनियम (४) बमोजिम निबृत्तभरण/उपदान नेपाल सरकारबाट स्वीकृति प्राप्त निवृत्तभरण कोष सञ्चालन गर्ने संस्था मार्फत उपलब्ध गराईनेछ।"

१४. <u>मूल विनियमावलीको विनियम १६८ मा संशोधन :</u> मूल विनियमावलीको विनियम १६८ को उपविनियम (१) को खण्ड (ङ) पछि देहायको खण्ड (ङ१.) थपिएको छ,:-

"(ङ१.) प्रमुख संचालन अधिकृत -सदस्य"

१५. <u>मूल विनियमावलीको अनुसूची-१ मा संशोधन :</u> मूल विनियमावलीको "अनुसूची-१" को सट्टा देहाय बमोजिमको "अनुसूची-१" राखिएको छ,-

<u>अनुसूची–१</u>

(विनियम ५ सँग सम्बन्धित)

<u>तह, पद, सेवा तथा समूह</u>

(क) <u>अधिकृतस्तर</u>

| तह | प्रशासन सेवा | | | प्राविधिक सेवा | | मिश्रित सेवा (प्रशासन/ प्राविधिक) | |
|---|---|---|---|---|---|---|---|
| ११ | **प्रशासन समूह** | **लेखा समूह** | | प्रमुख प्राविधिक अधिकृत, प्रमुख सञ्चालन अधिकृत, निर्देशक, प्रादेशिक निर्देशक, | | प्रमुख व्यावसायिक अधिकृत, कम्पनी सचिव, | |
| | प्रमुख मानव संशाधन अधिकृत, | प्रमुख वित्तीय अधिकृत, नायव प्रबन्ध–निर्देशक ( आ.ले.प.तथा नि.) | | | | | |
| | **प्रशासन सेवा** | | | **प्राविधिक सेवा** | | | |
| | **प्रशासन समूह** | **लेखा समूह** | | टेलिकम समूहमा रहने पदहरु | सिभिल समूहमा रहने पदहरु | प्राविधिक समूह | |
| | प्रशासन समूहमा रहने पदहरु | लेखा उपसमूहमा रहने पदहरु | चा.ए. उपसमूहमा पदहरु | | | प्राविधिक उपसमूहमा रहने पदहरु | निर्माण तथा मर्मत उपसमूहमा रहने पदहरु |
| १० | प्रबन्धक, | प्रबन्धक | | प्रबन्धक, प्रादेशिक निर्देशक | प्रबन्धक | | |
| ९ | उप प्रबन्धक, उप प्रवन्धक ( कानून), उप प्रवन्धक ( ब्यापार) | उप प्रबन्धक | उप प्रबन्धक (चा.ए.) | उप प्रबन्धक | उप प्रबन्धक | उप प्रबन्धक (प्राविधिक) | उप प्रबन्धक (निर्माण तथा मर्मत) |
| ८ | वरिष्ठ प्रशासकिय अधिकृत, वरिष्ठ व्यापार अधिकृत, वरिष्ठ कानून अधिकृत | वरिष्ठ लेखा अधिकृत | वरिष्ठ लेखा अधिकृत (चा.ए.) | वरिष्ठ ईन्जिनियर (टेलिकम) | वरिष्ठ ईन्जिनियर | वरिष्ठ प्राविधिक अधिकृत (प्राविधिक) | वरिष्ठ प्राविधिक अधिकृत (निर्माण तथा मर्मत) |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | प्रशासकीय अधिकृत, व्यापार अधिकृत, कानून अधिकृत | लेखा अधिकृत | | इन्जिनियर टेलिकम (मेकानिकल, कम्प्युटर, ईलेक्ट्रिकल, ईकेक्ट्रोनिक्स एण्ड कम्युनिकेशन) | इन्जिनियर (सिभिल, आर्किटेक्ट) | प्राविधिक अधिकृत (प्राविधिक) | प्राविधिक अधिकृत (निर्माण तथा मर्मत) |
| ६ | सहायक प्रशासकिय अधिकृत, सहायक व्यापार अधिकृत, सहायक कानून अधिकृत | सहायक लेखा अधिकृत | | | | सहायक प्राविधिक अधिकृत | सहायक प्राविधिक अधिकृत (निर्माण तथा मर्मत) |

(ख) सहायकस्तर

| तह | प्रशासन सेवा | प्राविधिक सेवा | |
|---|---|---|---|
| | | प्राविधिक समूह | |
| | प्रशासन समूह | प्राविधिक उपसमूह | निर्माण तथा मर्मत उपसमूह |
| ५ | वरिष्ठ सहायक | सिनियर टेक्निसियन, वरिष्ठ सवारी चालक | ओभरसियर |
| ४ | सहायक | टेक्निसियन, सवारी चालक | – |
| ३ | - | जुनियर टेक्निसियन, हलुका सवारी चालक | – |
| २ | – | लाइन मेन | – |
| १ | कार्यालय सहयोगी | हेल्पर (प्राविधिक सहयोगी) | – |

१६. मूल विनियमावलीको अनुसूची-२ मा संशोधन : मूल विनियमावलीको अनुसूची-२ को,-

(१) खण्ड (क) मा रहेको प्रशासन सेवा, प्रशासन समूह, प्रशासन उपसमूह तर्फको तह १० को कम्पनी सचिव पदको शैक्षिक योग्यता खण्ड झिकिएको छ ।

(२) खण्ड (ख) मा रहेको प्राविधिक सेवा, प्राविधिक समूहको तह ६, सहायक प्राविधिक अधिकृत पदको खुला प्रतियोगिता तर्फको शैक्षिक योग्यता सम्बन्धी खण्ड झिकिएको छ ।

(३) द्रष्टब्यको खण्ड (३) मा रहेको **"सेवा नखुलेको"** भन्ने शब्दको सट्टा **"मिश्रित सेवा (प्रशासन/प्राविधिक) को"** भन्ने शब्दहरू राखिएको छ,:-

(४) द्रष्टब्यको खण्ड (३) पछि देहायको खण्ड (४) थपिएको छ,:-

"(४) कम्पनी सचिवको हकमा कम्पनी ऐनमा तोकिए बमोजिमको शैक्षिक योग्यता हासिल गरेको हुनु पर्नेछ ।"

१७. मूल विनियमावलीको अनुसूची-८ मा संशोधन : मूल विनियमावलीको अनुसूची-८ को,:-

(१) खण्ड (घ) को सट्टा देहाय अनुसारको खण्ड (घ) राखिएको छ,:-

"(घ) झापा, मोरङ्ग, सुनसरी, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, नुवाकोट, काभ्रेपलाञ्चोक, बारा, पर्सा, रौतहट, चितवन, मकवानपुर, कास्की, रुपन्देही, नवलपरासी (सुस्ता पूर्व), नवलपरासी (सुस्ता पश्चिम), कपिलबस्तु र बाँके जिल्ला ।"

(२) खण्ड (घ) पछि देहाय अनुसारको खण्ड (ङ) थपिएको छ,:-

"(ङ) काठमाडौं, भक्तपुर र ललितपुर जिल्ला ।"

कम्पनी सचिव